बैठक संख्या २/१३३

आज मिति २०७९ कार्तिक ०३ गते बिहिबारका दिन सूर्यविनायक नगरपालिकाको १३३ औं नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री बासुदेव थापाज्यूको अध्यक्षतामा बसी तपसिलमा उल्लेखित विषयका सम्बन्धमा छलफल गरी निर्णय समेत गरियो ।

| क्र.स. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | बासुदेव थापा | प्रमुख | |
| २ | सरिता तिमसिना भट्टराई | उप प्रमुख | |
| ३ | राजेन्द्रप्रसाद कडेल | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | सानुकाजी कायस्थ | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | प्रदिप कार्की | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | दिपेन्द्र के.सी. | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | लछुराम न्यौपाने | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | राजकुमार जोशी | वडा अध्यक्ष, वडा नं ५ | |
| ९ | ईश्वर खड्का | वडा अध्यक्ष, वडा नं ६ | |
| १० | रविन्द्र सापकोटा | वडा अध्यक्ष, वडा नं ७ | |
| ११ | पुष्पराज बस्नेत | वडा अध्यक्ष, वडा नं ८ | |
| १२ | भगवान खत्री | वडा अध्यक्ष, वडा नं ९ | |
| १३ | शिवराम राउत | वडा अध्यक्ष, वडा नं १० | |
| १४ | तारा खतिवडा (सापकोटा) | सदस्य | |
| १५ | कमला पोखरेल | सदस्य | |
| १६ | शर्मिला बस्नेत | सदस्य | |
| १७ | सावित्री मिश्र | सदस्य | |
| १८ | हेमा दहाल (खतिवडा) | सदस्य | |
| १९ | सुमन परियार | सदस्य | |
| २० | प्रजुन तिखत्री | सदस्य | |
| २१ | सुनिल भुजेल | सदस्य | |
| | राजेन्द्र प्रसाद नेपाल आमन्त्रित | प्रशासन शाखा प्रमुख | |
| | अनिरुद्र नेपाल आमन्त्रित | राजस्व परिचालन शाखा प्रमुखउ | |
| | सर्वदा पण्डित | लेखा अधिकृत | |

मिति २०७९ कार्तिक ३ गते नगर कार्यपालिका (१३३औं) बैठकको (कार्यसुची) एजेण्डाहरु:

१. चाडबाड शुभकामना सम्बन्धमा ।
२. विविध ।

**निर्णय नं १**

नेपालीहरुको महान चाड शुभ दिपावली, नेपाल सवत् ११४३ एवं छठ पर्वको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपाली दाजुभाई, दिदीबहिनी सहित क्रियाशील राजनीतिक दल, सचारकर्मी, सघ सस्था लगायत आम नगरवासीहरुमा सुस्वास्थ्य, सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

निर्वाचन आयोगको मिति २०७९।०६।२८ च.न.२२६ को पत्र मार्फत आगामी २०७९ साल मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधि सभा र प्रदेश सभा सदस्यको निर्वाचनका क्रममा पालना गर्नुपर्ने निर्वाचन आचार सहिताका सम्बन्धमा लेखि आएको पत्र प्रमुख प्रशासकीय अधिकृतबाट बैठकसमक्ष जानकारी भयो ।

**निर्णय नं ३**

अख्तिार दुरुपयोग आयोगको मिति २०७९।०६।२५ च.न. Diu २ १६०३९को पत्रमा यस नगरपालिकाको वडा नं २ रहेको कि.न ३२ र ३३ को सरक्षण गरि आयोगमा जानकारी गराउने व्यहोराको पत्र बैठक समक्ष जानकारी भयो ।

**निर्णय नं ४**

सूर्यविनायक नगरपालिकाको भवन निर्माण तथा नक्सापास निर्देशिका, २०७८ को दफा ३४ मा भवन निर्माणका क्रममा डिपिसीसम्मको निर्माणको अनुमति लिएको मितिले ६ महिना भित्र डिपिसी कार्य सम्पन्न गरिसक्नुपर्ने र उक्त अवधिभित्र निर्माण नभएमा पुन: स्वीकृति लिनुपर्ने व्यवस्था रहेकोमा मिति २०७८ साल पुष ९ गते अगावै डिपिसी ईजाजत लिई एक वर्ष सम्म भवन निर्माण ईजाजत पत्र लिन आएमा एक पटकको लागि डिपिसी ईजाजत नवीकरण वापत एकमुष्ट रु.२०००। (दुई हजार मात्र) राजस्व लिई पुन: डिपीसी ईजाजत तोकिएको प्रकृया बमोजिम स्वीकृत गरिदिने निर्णय गरियो ।

**निर्णय नं ५**

नगरपालिकाबाट सञ्चालन हुने विकास निर्माण सम्बन्धी योजना/आयोजना, चेतनामूलक, क्षमता अभिवृद्धि तथा सीप विकास कार्यक्रम र स्वरोजगार, उत्पादनमूलक एवं उद्यमशीलता प्रवर्द्धन गर्ने योजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सूर्यविनायक नगरपालिकाको योजना तथा कार्यक्रम अनुगमन कार्यविधि, २०७९, को दफा ९, मा योजना तथा कार्यक्रम अनुगमन समिति र दफा ११ मा वडास्तरीय योजना तथा कार्यक्रम अनुगमन समिति रहेको छ। उपरोक्त समितिलाई सञ्चालित योजना, आयोजना, कार्यक्रम आदिको लागत, परिमाण, समय सीमा र गुणस्तरीयताका आधारमा अनुगमन गरी भुक्तानीको लागि सिफारिस गर्ने जिम्मेवारी रहेको छ। समितिको बैठक तथा सुविधा सम्बन्धमा कार्यविधिमा स्पष्ट नभएकोले देहाय बमोजिम गर्ने

क. योजना तथा कार्यक्रम अनुगमन समिति र वडास्तरीय योजना तथा कार्यक्रम अनुगमन समितिको बैठक आवश्यकतानुसार बस्ने तर महिनामा बढीमा चारवटा बैठकको मात्र बैठक भत्ता भुक्तानी हुने। बैठकमा बढीमा तीनजना आमन्त्रितलाई मात्र बैठक भत्ता उपलब्ध हुने। त्यसको लागि बैठकको निर्णय सहित आवश्यक कागजात आर्थिक प्रशासन उपशाखामा उपलब्ध गराउनुपर्ने।

ख. योजना तथा कार्यक्रम अनुगमन समितिको बैठकमा उपस्थित पदाधिकारी, सदस्य तथा आमन्त्रितलाई प्रति बैठक प्रतिव्यक्ति रु एक हजार पाँच सय र वडास्तरीय योजना तथा कार्यक्रम अनुगमन समितिको बैठकमा उपस्थित पदाधिकारी, सदस्य तथा आमन्त्रितलाई प्रति बैठक प्रतिव्यक्ति रु एक हजार का दरले भुक्तानी दिने।

ग. फिल्ड अनुगमनमा जाँदा एक दिनमा कम्तिमा चार वटा योजना/आयोजना/कार्यक्रमको अनुगमन गरी सोको प्रतिवेदन पेश गरेकोमा अनुगमनकर्ता/प्रतिवेदकलाई सूर्यविनायक नगरपालिकाको कार्य संचालन निर्देशिका, २०७८ को अनुसूची-२ को क्र.सं. १९ मा उल्लेख भए बमोजिमको अनुगमन खर्च दिने।